# भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## विपद् प्रभावितहरुको उद्धार र राहत सम्बन्धी मापदण्ड, २०८२

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

**प्रस्तावना** : विराटनगर महानगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्मा परेका सर्वसाधारणको खोज, उद्धार तथा राहत उपलब्ध गराउने कार्यलाई सरलीकृत, पारदर्शी एवं विश्वसनीय बनाउन आवश्यक देखिएकोले विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम “विपद् प्रभावितहरुको उद्धार र राहत सम्बन्धी मापदण्ड, २०८२” रहेको छ ।

(२) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीहरूमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानीमा दुर्घटना, हवाई दुर्घटना, सडक दुर्घटना, जल दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस चुहावट, रसायन चुहावट, विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनास, भौतिक संरचनाको क्षति, प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक

कारणबाट उत्पन्न विपद् सम्झनु पर्छ ।

(ख) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टी, अनावृष्टी, बाढी, पहिरो, भुस्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विष्फोटन, डढेलो वा त्यस्तै प्राकृतिक कारणबाट हुने विपद् सम्झनु पर्छ ।

(ग) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(घ) "राहत" भन्नाले विपद् प्रभावितहरुलाई प्रदान गर्ने नगद वा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

जिन्सी लगायतका सेवा सुविधा वा वस्तुगत सहायता सम्झनु पर्छ ।

(ङ) "विपद्" भन्नाले कुनै स्थानमा अप्रत्यासित घटना हुँदा आपत्कालीन अवस्था सिर्जना भई जनधनको क्षतिका साथै मानव जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(च) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकास कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

३. <u>यस मापदण्ड बमोजिम विपद् प्रभावितहरुलाई राहत प्रदान गर्नुपर्ने:</u> विपद् प्रभावितहरुलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## परिच्छेद – २

## विपद् व्यवस्थापनका लागि खोज, उद्धार र राहत वितरण मापदण्ड

४. राहत वितरण मापदण्डः (१) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टीगत गरी समितिले देहायअनुसार राहत उपलब्ध गराउनेछः

(क) महानगरपालिका भित्र विपद्का घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने प्रारम्भिक राहत स्वरुप प्रति मृतक रु १,००,०००/- (एकलाख) का दरले मृतक परिवारलाई सहयोग उपलब्ध गराउने ।

तर, एकाघरका परिवारका सबै सदस्यहरुको मृत्यु भइ एकासगोलको कुनै व्यक्ति जीवित नरहेमा त्यस्तो परिवारलाई यो दफा बमोजिमको राहत प्रदान गरिने छैन।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

र, यसरी रकम उपलब्ध गराउँदा प्रहरीको मुचुल्का, सम्बन्धित वडा कार्यालयको

सिफारिस र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य हुनेछ ।

(ख) परिवारको सबै सदस्यको मृत्यु भएमा हकवालाले उक्त सहयोग नपाउने तर किरिया खर्चका लागि प्रति परिवार रू २०,०००/- (रु बीस हजार) उपलब्ध गराउने ।

(ग) घर बहालमा बसेको व्यक्तिको हकमा काजक्रियाका लागि सहज बनाउन मृतक संख्या जति भएपनि प्रति परिवार रु २०,०००/- (रु बीस हजार) उपलब्ध गराउने ।

(घ) विपदबाट घर नष्ट भएमा वा खाद्यान्न तथा जग्गा जमिन समेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्न समेत अभाव भएमा वा दुवै अवस्था भएमा तत्काल आवश्यक व्यवस्थाका लागि प्रति परिवार बढीमा रु १०,०००/- (रु

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

दश हजार) रकममा नबढ्ने गरी नगद वा खाद्य तथा गैरखाद्य सामग्री राहत स्वरुप उपलब्ध गराउने ।

(ङ)घर बहालमा बसेको वा पसल व्यवसाय सञ्चालन गरिरहेको हकमा खाद्यान्न लत्ताकपडा तथा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएमा वा दुवै अवस्था भएमा प्रभावित परिवारलाई तत्काल गुजाराका लागि प्रति परिवार रु १०,०००/- (रु दश हजार) रकममा नबढ्ने गरी नगद वा खाद्य तथा गैरखाद्य सामग्री राहत स्वरुप उपलब्ध गराउने ।

(च) विपदबाट घाइते भएका व्यक्तिको आर्थिक अवस्था अत्यन्त कमजोर र असहाय रहेछ भने नजिकको सरकारी अस्पतालसम्म लैजाँदाको एम्बुलेन्स खर्च बिलको आधारमा अधिकतम रु २,०००/- (रु दुई हजार) सम्म नगद उपलब्ध गराउने।

(छ) आगलागी, हावा हुण्डरी, चट्याङ आदिका कारण घरको छाना जलेमा वा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

उडाएमा वा घरमा बस्नै नहुने गरी अन्य क्षति पुऱ्याएमा र बसोबास गर्न निजको अन्यत्र कतै पनि घर टहरा नभएमा तत्कालको व्यवस्थापनका लागि बढीमा रु. १०,०००/- (रु दश हजार) सम्म नगद राहत प्रदान गराउने ।

(ज) आपतकालीन अवस्थामा घाइतेको तत्काल उपचारका लागि हवाई सेवा वा हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था भएमा राहत वितरण समितिको निर्णयले एकतर्फी भाडा व्यवस्था गर्ने र सो निर्णयलाई विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउने ।

(झ) विपदबाट नष्ट भएका विद्यालयमा पाठ्यपुस्तक, पोसाक, शैक्षिक सामग्री तत्काल व्यवस्था गर्न सकिनेछ ।

(ञ) विपद्को समयमा अन्य क्षेत्रबाट राहतको तत्काल व्यवस्था नभएमा संघीय "विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१" बमोजिम न्यूनतम खर्च

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

टोकरीमा ५ दिन सम्मको नगद सहायता उपलब्ध गराउन सकिनेछ ।

(ट) विपद् प्रभावितहरुलाई थप राहतको लागि आवश्यक कागजातहरु तयार गरी संघीय विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ र प्रदेश राहत वितरण मापदण्ड बमोजिम राहत प्राप्तिका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने ।

(ठ) दफा ४ (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) बमोजिमको राहत सहयोग उपलब्ध गराउँदा घटना भएको ३० दिन भित्र निवेदन प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराइने छ ।

(ड) विपद् प्रभावित क्षेत्रमा विपद् पश्चातको प्रारम्भिक द्रूत लेखाजोखा गराउने र तत्कालीन आवश्यकताका आधारमा विभिन्न सरकारी निकाय तथा गैर सरकारी संघसंस्थाहरुसँगको समन्वयमा एकरुपता कायम हुने गरी र दोहोरो नपर्ने

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

गरी एकद्वार प्रणाली मार्फत राहत उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ढ)विपद्का कारण विपद् प्रभावित क्षेत्रबाट स्थानान्तरण गरी शिवीर व्यवस्थापन गर्नुपर्ने भएमा महानगरपालिकाले शिविर सञ्चालन गरी कम्तीमा ३ दिनसम्म आवश्यक पर्ने न्यूनतम व्यवस्था मिलाउने ।

(ण) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा तोकिएको मापदण्ड र गुणस्तरका राहत सामग्री मात्र वितरण गर्ने । मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरित मापदण्ड र गुणस्तरहीन सामग्री उपलब्ध नगराउने ।

(त)विपद् प्रभावित परिवारका लागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरुप वितरण गर्दा एकमुष्ठ र परिपुरक रुपमा परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भीर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन र मुचुल्का वा प्रतिवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(६) विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

(७) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा तोकिएको मापदण्ड र गुणस्तरका राहत सामग्री मात्र वितरण गर्नुपर्नेछ । मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरित मापदण्ड र गुणस्तरहीन सामग्री उपलब्ध नगराउन पाईनेछैन ।

(८) विपद् प्रभावित परिवारका लागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरुप वितरण गर्दा एकमुष्ठ र परिपुरक रुपमा परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

५. <u>देहायका विपद्मा मात्र राहत उपलब्ध गराउने:</u> समितिले देहायका विपद्मा राहत उपलब्ध गराउनेछः

(क) दफा ४ (क), (ख), बमोजिमको राहत सहयोग भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ, शीतलहर, तातो हावा (लु), सर्पदंश, महामारी, विद्युत दुर्घटना, वन्यजन्तु आतङ्क, अन्य जनावरको आतङ्क, सडक दुर्घटना, विपद् उद्धार कार्यमा हुने दुर्घटनाहरुबाट भएको क्षति तथा नोक्सानीमा प्रदान गर्नुपर्नेछ ।

(ख) शीतलहर, तातो हावा (लु), सुख्खा, खडेरी, भोकमरी, महामारी, अतिवृष्टी, सलह वा फौजी किराको प्रकोप जस्ता मानव, पशुपंक्षी, खेतीबाली तथा वनस्पतिको स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने प्रकृतिका एकैपटक धेरै क्षेत्रमा फैलने र ठूलो समुदायलाई असर पर्ने अवस्थाका विपद् भएमा सामुहिक राहत हुने प्रकृतिको सहयोग तथा औषधी खरिद वा उपचारको व्यवस्था गर्नुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

६. <u>आवश्यक कागजातहरु:</u> विपद् प्रभावित नागरिकहरुलाई राहत वितरण गर्दा देहायका कागजातहरु संलग्न गरी एकसगोलको सदस्यले महानगरपालिकामा निवेदन दिनुपर्नेछः

(क) वडाका जनप्रतिनिधिको रोहवरमा भएको प्रहरीको घटना प्रकृति मुचुल्काको फोटोकपी,

(ख) वडा कार्यालयको सिफारिस पत्र,

(ग) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र तथा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र,

(घ) मृतकको राहतका हकमा मृत्यु दर्ता प्रमाणपत्र,

(ङ) मृतकको हकमा परिवार भित्रको सदस्यको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) घटनासँग सम्बन्धित तस्बिर,

(छ) राहत प्राप्तिको लागि निवेदन ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

७. <u>राहत व्यवस्थानमा समन्वय तथा सहजीकरणः</u> विपद् व्यवस्थापन तथा राहत वितरणका लागि निम्नानुसार समन्वय र सहजीकरण गरिनेछः

(क) महानगरपालिका भित्र विपद्‌को समयमा प्रभावित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिवीर सञ्चालन गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिसँग समेत सम्पर्क राखी आवश्यक व्यवस्था मिलाइने छ ।

(ख) विपदबाट प्रभावित परिवारलाई खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवार सदस्य संख्या समेत खुलेको विवरण विपद् हुनासाथ जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिमा पठाउनुपर्नेछ ।

(ग) प्रदेश सरकार र नेपाल सरकारबाट जारी गरेको राहत मापदण्ड बमोजिम राहत प्राप्तिका लागि विपद्‌बाट प्रभावितहरुको

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

सम्पूर्ण विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिमा पठाउनुपर्नेछ ।

(घ) विपद् प्रभावितहरुलाई पुनर्स्थापना र पुनर्निर्माणका लागि वन कार्यालय मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गरी पठाउन सकिनेछ ।

(ङ) असिना पानी, हावाहुरी, खडेरी आदि प्राकृतिक प्रकोपबाट र वन क्षेत्रबाट वन्यजन्तु खेती बालीमा पसी नोक्सान पुऱ्याएका कारण धेरै बालीनालीको नोक्सानी भएमा सो को यथोचित मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा राहत तथा क्षतिपूर्तिका लागि सिफारिस गरी पठाउनुपर्नेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

८. <u>द्रूत लेखाजोखा गर्नेः</u> विपद् पर्नासाथ समितिले २४ घण्टा भित्र वडामा गठित द्रूत लेखाजोखा टोलीलाई निर्देशन गरी स्वीकृत फरमेट भर्न लगाउने र यसबाट हालको अवस्था, क्षतिको विवरण र आवश्यकताको विश्लेषण गर्ने र थप सहायता आवश्यक भएमा सम्बन्धित तह, कार्यालय तथा निकायमा सिफारिस गरी पठाउनुपर्नेछ ।

९. <u>दोहोरो राहत वितरण नहुनेः</u> (१) विपद्को कारणबाट घाइते भएका व्यक्तिहरुको सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च संघीय मापदण्ड अनुसार जिल्ला विपद् व्यवस्थापन समितिले भुक्तानी गर्ने र थप १०००/- समेत प्रदान गर्ने भएकोले यस शिर्षकमा महानगरपालिकाले दोहोरो भुक्तानी गर्ने छैन ।

(२) साझेदार संस्थाहरूबाट वितरण भएका सहायता तथा बीमाबाट समेटिएका विषयहरूमा दोहोरो नपर्ने गरी सहायता रकम उपलब्ध गराइनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## परिच्छेद – ३

## राहत वितरण व्यवस्थापन समितिको गठन

१०. <u>राहत वितरण तथा अनुगमन समितिको गठनः</u> महानगरपालिकाको देहाय बमोजिमको संयोजक तथा सदस्य राहत वितरण व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक – सदस्य

(ङ) आर्थिक विकास समिति संयोजक - सदस्य

(च) आर्थिक प्रशासन महाशाखा प्रमुख - सदस्य

(छ) विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(२) राहत वितरण सम्बन्धमा महानगर कार्यपालिकाबाट आवश्यकतानुसार अनुगमन गरिनेछ ।

## परिच्छेद – ४

## विविध

११. **राहत वितरण कार्यः** (१) दफा (६) बमोजिमका सम्पूर्ण कागजात सहित निवेदन दर्ता भएको मितिले बढिमा ३(तीन) दिन भित्र विपद् प्रभावितहरुलाई राहत वितरण गर्नुपर्नेछ ।

(२) गम्भीर प्रकृतिको विपद्का अवस्थामा यस्तो राहत रकम स्थलगत रुपमा नै वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **मापदण्डको संसोधनः** यस मापदण्डलाई संशोधन गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१३. **विवरण पेश गर्नुपर्नेः** यस मापदण्ड बमोजिम राहत वितरण व्यवस्थापन समितिको निर्णयबाट वितरण भएको राहतको वितरणको विवरण नगर कार्यपालिका बैठकमा प्रत्येक चौमासिक रुपमा र बार्षिक रुपमा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

नगर कार्यपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा पेस गर्नुपर्नेछ।

१४. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस मापदण्डमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. <u>खारेजी र बचाउः</u> (१) यस अघि राहत सहयोग तथा वितरण सम्बन्धमा नगर कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यो मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

## अनुसूची – १

### दफा १६ सँग सम्बन्धित

राहत वितरणको चौमासिक बिवरण ढाँचा

मितिः ................................ देखि ................................ सम्मको राहत बितरणको विवरण

| क्र सं | विपद् प्रभावित घरको मुलीको नाम | विपद्को विवरण | वडा नं र टोल | प्रभावित घर र व्यक्ति संख्या | मृतक तथा घाइते संख्या | प्रदान गरिएको रकम वा जिन्सी सामान | अनुमानित क्षति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

विराटनगर महानगरपालिका स्थानीय राजपत्र